गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश नीति तथा योजना आयोग
पोखरा, नेपाल

मिति २०८२/०४/२१ गतेको प्रदेश विकास समस्या समाधान समितिको बाह्रौ बैठकका निर्णय

| सि न. | समस्या | प्रस्तावित निर्णय | प्रमुख जिम्मेवार मन्त्रालय/निकाय | सहयोगी मन्त्रालय/निकाय |
|---|---|---|---|---|
| १ | प्रदेश आयोजना बैंकको प्रभावकारी कार्यान्वयन नहुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको र विनियोजन कुशलता अपेक्षित रुपमा हासिल गर्न नसकिएको। | प्रदेश आयोजना बैंक कार्यविधि, २०८१ बमोजिम विषयगत मन्त्रालय तथा निकायलाई हाल कार्यान्वयनमा रहेका, विस्तृत आयोजना प्रतिवेदन तयार भएका, आयोजना पूर्व तयारी सम्पन्न भएका आयोजना प्रदेश आयोजना बैंक प्रणालीमा अध्यावधिक गर्न सम्बन्धित निकायलाई निर्देशन दिने। | विषयगत मन्त्रालय/निकाय | गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| २ | भौतिक पूर्वाधार निर्माणमा प्रयोग हुने नदीजन्य निर्माण सामग्री खरिदबापत निर्माण व्यवसायीले तिर्ने रोयल्टीको प्रमाण पेश गरेपछि मात्र भुक्तानी गरिदिन स्थानीय तहबाट अनुरोध हुने गरेको तर यस सम्बन्धी कानूनी स्पष्टताको अभावमा कार्यान्वयन गर्न कठिनाई भएको। | नदीजन्य निर्माण सामग्रीको रोयल्टी प्रदेशको राजस्व क्षेत्राधिकारभित्र पर्ने हुँदा आर्थिक मामिला मन्त्रालयबाट नीतिगत निर्देशन दिने, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधिमार्फत कानूनी व्यवस्था मिलाउने र सम्बन्धित मन्त्रालयले सोही बमोजिम कार्यान्वयन गर्ने। | आर्थिक मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३ | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा तोकिए बमोजिम बजेट निर्माण प्रक्रियाका मापदण्ड तथा चरणहरु परिपालन नहुने र वार्षिक बजेट तर्जुमा प्रक्रियाका चरण उपयुक्त समयमा सम्पन्न नहुँदा वार्षिक बजेट निर्माण तथा कार्यान्वयनमा समस्या देखिएको | आर्थिक मामिला मन्त्रालयले वार्षिक बजेट क्यालेन्डर निर्माण गरी सोही अनुरुप बजेट तर्जुमा तथा कार्यान्वयनको व्यवस्था मिलाउने | आर्थिक मामिला मन्त्रालय | गण्डकी प्रदेश नीति तथा योजना आयोग |
| ४ | प्रदेश सरकारको अनुदानमा स्थानीय तहले सञ्चालन गरेका आयोजना समयमा सम्पन्न नहुँदा अनुदान फिर्ता हुने भएकाले उक्त आयोजना सम्पन्न हुन नसक्ने समस्या रहेको । | प्रदेश सरकारको अनुदानमा स्थानीय तहले सञ्चालन गरेका तर समयमा सम्पन्न हुन नसकी अधुरा रहेका आयोजनाको प्रगति ७५ प्रतिशत भन्दा बढी रहेको अवस्थामा त्यस्ता आयोजना सम्पन्न गर्नका लागि प्रदेश सरकारले आश्यक सहजीकरण गर्ने । | आर्थिक मामिला मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

अध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा